फोन नं. ४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:-२०७६/७७
च.नं.:-४४४

मितिः २०७७/०१/०५

**विषयः C-MIS सञ्चालन गर्ने सम्बन्धमा ।**

श्री स्थानीय तह, (सबै) ।

विश्वभर महामारीको रुपमा फैलिरहेको Corona Virus (COVID-19) को प्रभाव नेपालमा पनि बढीरहेको सन्दर्भमा यसको रोकथाम, नियन्त्रण लगायतका कार्यमा स्थानीय तहबाट सम्पादन भएका क्रियाकलापहरुको एकीकृत प्रतिवेदन गर्न तथा सोही प्रतिवेदनको आधरमा आवश्यक नीति तथा रणनीति तय गर्न सहयोग गर्ने उद्धेश्यले मन्त्रालयबाट **COVID-19 Management Information System (C-MIS)** तयार गरिएको छ । उक्त प्रणाली देहाय बमोजिमको प्रकृयाबाट तत्काल कार्यान्वयनमा ल्याउन यस मन्त्रालयको मिति २०७६/१२/२६ को (सचिवस्तरीय) निर्णय भएकोले सोही बमोजिम आवश्यक व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छः

देहायः
१. प्रणाली सञ्चालनको लागि मन्त्रालयबाट उपलब्ध गराईएको Username तथा Password को प्रयोग गर्ने ।
२. प्रणाली बमोजिम आवश्यक पर्ने विवरणहरु सबै स्थानीय तहबाट नियमित प्रविष्टी गर्ने । यस कार्यका लागि सूचना प्रविधी अधिकृतलाई जिम्मेवारी तोक्ने ।
३. सूचना प्रविधी अधिकृत उपलब्ध नभएको अवस्थामा सूचना प्रविधीमा काम गर्न सक्ने अन्य कर्मचारीलाई जिम्मेवारी दिने ।
४. प्रविष्टी गरिएका विवरणको शुद्धता प्रमुख प्रशासकिय अधिकृतले सुनिश्चित गर्ने ।
५. प्रणालीबाट प्राप्त हुने सूचना स्थानीय तहको योजना तथा रणनीति तर्जुमामा प्रयोगमा ल्याउने ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमः उपर्युक्तानुसारको प्रणालीबाट प्राप्त हुने विवरणहरु नियमित रुपमा मन्त्रालयमा उपलब्ध हुने व्यवस्था मिलाउनु हुन ।
श्री सूचना तथा प्रविधि शाखाः पत्र वेबसाइटमा अपलोड गरिदिनु हुन ।